# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, पुस २९ गते २०५६ साल (अतिरिक्ताङ्क ४० (क)

## भाग ४

श्री ५ को सरकार

### श्रम मन्त्रालयको सूचना

श्री ५ को सरकारले कृषि श्रमिकहरूको लागि ज्याला निर्धारण गरी देहाय बमोजिमको व्यवस्था सम्वत् २०५६ साल पौष २९ गतेदेखि लागू गरेकोले सो बमोजिम गर्न गराउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

क. ज्याला दर, कामको समय निर्धारणः

(१) नेपाल अधिराज्यभर लागू हुने गरी कृषि श्रमिकहरूका लागि दैनिक रू. ६०।– र प्रतिघण्टा रू. ७।५० का दरले न्यूनतम ज्याला निर्धारण गरिएको छ । यो भन्दा घटी दरमा कुनै पनि कृषि श्रमिकलाई काममा लगाउन पाइने छैन ।

(२) श्री ५ को सरकारले निर्धारण गरेको न्यूनतम ज्यालामा नघट्ने गरी जिल्ला विकास समितिले स्थानीय ज्याला निर्धारण गर्न सक्नेछ ।

(३) कुनै ठाउँ विशेषमा श्री ५ को सरकारले निर्धारण गरेको न्यूनतम ज्याला भन्दा बढी ज्याला दिने प्रचलन रहेछ भने खाईपाई आएको प्रचलित ज्यालामा घटाउन पाइने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८८५

(४) महिला र पुरुषको लागि समान कामको लागि समान ज्याला दिनुपर्नेछ ।

(५) दैनिक ८ घण्टाको कार्य समय निर्धारण गरिएको छ ।

(६) जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिकाले कृषि श्रमिकहरूको ज्यालाको अनुगमन र कार्यान्वियन गर्ने छन् ।

(७) गाउँ विकास समिति र नगरपालिकाले आ-आफ्नो क्षेत्रभित्रका कृषि श्रमिकहरूको ज्याला सम्बन्धमा परेका उजूरी लिई निर्णय गर्ने छन् ।

(८) कृषि श्रमिकहरूको ज्याला सम्बन्धमा स्थानीय स्तरमा समस्या देखा-परेमा सो को निराकरणको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालय र सम्बन्धित क्षेत्रका श्रम कार्यालयहरूले जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिकालाई आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ ।

(९) १४ बर्ष मुनिका केटाकेटीलाई काममा लगाउन र १४ बर्षभन्दा माथिका नाबालिगलाई जोखिमपूर्ण काममा लगाउन निषेध गरिएको छ । १४ देखि १६ वर्ष समूहका नाबालिग कामदारलाई दिनको ६ घण्टा र हप्ताको ३६ घण्टाभन्दा बढी समयसम्म काममा लगाउन नपाइने र १६ देखि १८ वर्ष समूहका नाबालिगलाई बिहान ६ बजेदेखि साँझ ६ बजेसम्मको समय बाहेक अन्य समयमा काममा लगाउँदा त्यस्तो नाबालिग कामदार र कृषक बीचको आपसी सहमतिमा मात्र काममा लगाउन सकिनेछ ।

**ख. कृषि श्रमिकहरूको न्यूनतम ज्याला सम्बन्धी उच्चस्तरीय अनुगमन समितिको गठन:**

कृषि श्रमिकहरूको ज्याला सम्बन्धमा स्थायी रूपमा अनुगमन गर्न देहाय बमोजिमको एक उच्चस्तरीय अनुगमन समितिको गठन गरिएको छ :–

| | |
|---|---|
| श्रम मन्त्री | –अध्यक्ष |
| श्रम राज्यमन्त्री वा सहायक मन्त्री | –सदस्य |
| उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | –सदस्य |
| कृषि र श्रम मन्त्रालयसँग सम्बन्धित राष्ट्रिय योजना आयोगका सदस्यहरू | –सदस्य |
| गृह, स्थानीय विकास, कानून तथा न्याय, उद्योग, कृषि, वाणिज्य, भूमिसुधार तथा व्यवस्था र श्रम मन्त्रालयका सचिवहरू | –सदस्य |
| अध्यक्ष, उद्योग वाणिज्य महासंघ | –सदस्य |
| अध्यक्ष, रोजगारदाता परिषद् | –सदस्य |
| अध्यक्ष, जिल्ला विकास समिति महासंघ | –सदस्य |

१८९६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| अध्यक्ष, नगरपालिका महासंघ | —सदस्य |
| अध्यक्ष, गाउँ विकास समिति महासंघ | —सदस्य |
| अध्यक्ष, नेपाल ट्रेड युनियन कांग्रेस | —सदस्य |
| अध्यक्ष, नेपाल प्रजातान्त्रिक ट्रेड युनियन महासंघ | —सदस्य |
| अध्यक्ष, नेपाल ट्रेड युनियन महासंघ | —सदस्य |
| अध्यक्ष, नेपाल किसान संघ | —सदस्य |
| अध्यक्ष, अखिल नेपाल किसान संघ | —सदस्य |
| अध्यक्ष, राष्ट्रिय प्रजातान्त्रिक किसान संगठन | —सदस्य |

ग. अनुगमन समितिको काम तथा कर्तव्यः

कृषि मजदूरहरूको न्यूनतम ज्यालासम्बन्धी अनुगमन समितिको काम तथा कर्तव्य देहायबमोजिम हुनेछः—

(१) श्री ५ को सरकारले तोकेको न्यूनतम ज्याला लागू गराउने ।

(२) नियमित रूपमा न्यूनतम ज्यालाको प्रभाव तथा प्रक्रियाको अनुगमन, मूल्याङ्कन गर्ने तथा सम्बद्ध निकायको बीचमा समन्वय गर्ने ।

(३) न्यूनतम ज्यालाको समय-समयमा पुनरावलोकन गरी अद्यावधिक गर्न सिफारिश गर्ने ।

(४) राष्ट्रिय स्तरबाट तोकिएको न्यूनतम ज्याला दरमा घटी नहुने गरी स्थानीय ज्यालादर निर्धारण गराउने तथा अनुगमन गर्ने ।

(५) ज्यालाको कार्यान्वयन गर्ने सन्दर्भमा कानूनी तथा प्रक्रियागत कठिनाई देखिएमा समाधानको लागि आवश्यक व्यवस्था गर्ने गराउने ।

(६) ज्याला सम्बन्धमा आइपरेका समस्याहरू समाधान गर्ने ।

आज्ञाले,
डी.बी. भट्टराई
श्री ५ को सरकारको सचिव

१८८६



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१६८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।